श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२९ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### कर्मचारी संचयकोष ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– कर्मचारी संचयकोष ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "कर्मचारी संचयकोष (तेस्रो संशोधन) ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (ख) र (ङ) को सट्टा देहायको खण्ड (ख) र (ङ) राखिएको छः–

(ख) "कर्मचारी" भन्नाले श्री ५ को सरकारको निजामती, सैनिक र प्रहरीतर्फका स्थायी कर्मचारी सम्झनुपर्छ र यस शब्दले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य कर्मचारी समेतलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) "तलब" भन्नाले सेवाको शर्तबमोजिम कर्मचारीले सेवा प्रदान गरे बापत पदाधिकार रहेको पदको प्रचलित स्केलबमोजिम पाउने तलबलाई मात्र सम्झनुपर्छ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

(२) कोषको सबै रकम नेपाल राष्ट्र बैंक वा समितिले तोकेको अन्य कुनै बैंकमा राखिनेछ ।

तर, त्यस्तो कुनै बैंक नभएको ठाउँमा कोषको रकम माल अड्डा वा कोष तथा तहसिल कार्यालयमा राखिनेछ ।

४. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

४. समितिको गठनः– (१) कोषको सञ्चालनको निमित्त एक कर्मचारी संचयकोष सञ्चालक समितिको गठन हुनेछ र समितिमा जम्मा प्रशासक सहित एघार जना सञ्चालकहरू रहनेछन् ।

(२) प्रशासन सेवा, राष्ट्रिय पञ्चायत सेवा, कृषि सेवा, इञ्जिनीयरिङ सेवा, स्वास्थ्य सेवा, न्याय सेवा, शिक्षा सेवा, शाही सेना, प्रहरी तथा विविध सेवाबाट एक एक गरी श्री ५ को सरकारले सञ्चालकहरूको नियुक्ति गर्नेछ । सञ्चालकहरू मध्येबाट एकजनालाई श्री ५ को सरकारले अध्यक्ष मनोनीत गर्नेछ ।

(३) प्रत्येक सञ्चालकको कार्यावधि तीन वर्षको हुनेछ र कार्यावधि सकिएपछि पनि निजलाई पुनः सञ्चालकमा नियुक्त गर्न सकिनेछ ।

(४) समितिको अध्यक्ष तथा अन्य सञ्चालकहरूले समितिको बैठकमा भागलिए बापत पाउने बैठक भत्ता श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

तर, प्रशासक अध्यक्ष वा सञ्चालक भएको खण्डमा निजले यस उप-दफा बमोजिम बैठक भत्ता पाउने छैन ।

५. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

५. सञ्चालकको अयोग्यताः– देहायको व्यक्ति समितिको सञ्चालक हुन अयोग्य मानिनेछः–

(क) टाट उल्टेको,

(ख) बहुलाएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरी ६ महीनाको कैदको सजाय पाएको,

१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) दफा २८ बमोजिम कोषसंग ठेक्का पट्टा लिएको वा त्यस्तो ठेक्का पट्टामा साझेदार भएको,

(ङ) प्रशासक बाहेक कोषको अन्य कर्मचारीको पदमा बहाल रहेको, वा

(च) दफा २९ अन्तर्गत सजाय पाएको ।

६. मूल ऐनको दफा ६ मा संशोधनः– (१) मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

६. खाली खाल्सा र खाली स्थानको पूर्तिः– (१) कुनै सञ्चालक देहायको अवस्थामा आफ्नो पदबाट हट्नेछः–

(क) लिखित राजीनामा पेश गरी श्री ५ को सरकारबाट स्वीकृत भएमा,

(ख) कारण खुलाई समितिलाई सूचना नदिई लगातार तीन पटकसम्म समितिको बैठकमा उपस्थित नभएमा र यस्तो अनुपस्थितिको कारण श्री ५ को सरकारको विचारमा मुनासिब नलागेमा,

(ग) श्री ५ को सरकारको सेवामा रहेको व्यक्ति सो सेवाबाट हटेमा,

(घ) कार्यावधि पूरा नहुँदै निजको ठाउँमा श्री ५ को सरकारले अर्को व्यक्ति नियुक्ति गरेमा, वा

(ङ) दफा ५ मा उल्लिखित कुनै अयोग्यताको अवस्थामा परेमा ।

(२) बिरामी परेको वा बिदामा बसेको वा अन्य कुनै कारणबाट केही समयको लागि अध्यक्ष वा कुनै सञ्चालकले समितिको काम चलाउन नसक्ने भएमा सो समयको लागि काम चलाउन निजको ठाउँमा श्री ५ को सरकारले अर्को व्यक्तिलाई अस्थायी नियुक्ति गर्न सक्नेछ ।

७. मूल ऐनको दफा ६ पछि थपः– मूल ऐनको दफा ६ पछि देहायको दफा ६ क. थपिएको छः–

६. क. प्रशासकको नियुक्तिः– कोषको प्रशासकको नियुक्ति श्री ५ को सरकारले गर्नेछ । प्रशासकको पारिश्रमिक, कार्यावधि र अन्य सेवा शर्त श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

८. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को उप-दफा (१) मा रहेको "प्रशासक" भन्ने शब्दको सट्टा "अध्यक्ष" भन्ने शब्द राखिएको छ ।

९. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

८. समितिको बैठकः– (१) अध्यक्षले बोलाएको बखत समितिको बैठक बस्नेछ । यस्तो बैठक घटीमा वर्षको ६ पटक बोलाउनु पर्नेछ तर दुई बैठकको बीचको अवधि तीन महीनाभन्दा बढी हुने छैन । कम्तीमा दुईजना सञ्चालकहरूले लिखित अनुरोध गरेमा त्यसको सात दिनभित्र अध्यक्षले समितिको बैठक बोलाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अध्यक्ष र कम्तीमा अरू चारजना सञ्चालकहरू उपस्थित नभई समितिको बैठक बस्ने छैन ।

(३) समितिको बैठकमा निर्णयको लागि प्रस्तावित भएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भै मतदान गर्ने सञ्चालकहरूको बहुमतबाट हुनेछ । अध्यक्षले प्रथमतः मत दिन पाउने छैन । मत बराबर भएमा निर्णयात्मक मत दिन पाउने छ ।

१०. मूल ऐनको दफा १० मा संशोधनः– मूल ऐनको दफा १० मा रहेको "दफा ६ को उप-दफा (१) को खण्ड (घ) अन्तर्गत प्रशासक, सहायक प्रशासक वा कुनै सञ्चालकलाई बर्खास्त गरेपछि वा" भन्ने वाक्यांश झिकिएको छ ।

११. मूल ऐनको दफा १२ मा संशोधनः– मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः–

१२. अनिवार्य रूपले कर्मचारीहरूको तलबबाट रुपैयाँ कट्टी गरी कोषमा जम्मा गर्नेः–

(१) श्री ५ को सरकारले कर्मचारीहरूको तलबबाट महीना महीनामा अनुसूचीमा तोकिएको दरले रुपैयाँ कट्टी गरी कोषमा जम्मा गर्नेछ । यसरी रुपैयाँ कट्टी गर्ने तरीकाबारे श्री ५ को सरकारले समितिको राय लिई नियमहरू बनाउन सक्नेछ ।

(२) कोष कट्टीको रकम अनिवार्य रूपले काटिनेछ । त्यसको लागि सम्बन्धित कर्मचारीको स्वीकृति लिनु पर्ने छैन ।

(३) कुनै कर्मचारी कुनै संगठित संस्थामा सोही संगठित संस्थाबाट तलब खाने गरी काज खटिएको रहेछ भने काज खटिएको संस्थाको नियम अनुसार त्यसरी काज खटिएको अवधिभर सो कर्मचारीको कोष कट्टी र त्यसमा थप सो संगठित संस्थाबाट नै हुनेछ ।

(४) कुनै कर्मचारी निलम्बन भएमा निलम्बित रहेको अवधिभर निजको कोष कट्टी गरिने छैन । तर लागेको अभियोग प्रमाणित नभै निज कर्मचारीको निलम्बन फुकुवा भएमा निजले पाउने सो निलम्बित रहेको अवधिको तलबबाट अनुसूचीबमोजिम समानुपातिक रकम कट्टी गरी एक मुष्ट कोषमा दाखिल गरिनेछ ।

(५) कुनै कर्मचारी बेतलबी वा आधा तलबी बिदामा रहेको अवधिमा देहायबमोजिम हुनेछः–

(क) बेतलबी अवस्थामा कोष कट्टी गरिने छैन ।

(ख) आधा तलबी अवस्थामा अनुसूचीमा तोकिएको दरको पचास प्रतिशतले कोष कट्टी गरिनेछ ।

(६) प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयका कर्मचारीको तलबबाट नियमित रूपले कोष कट्टी गर्नु, यस्तो कोष कट्टीमाथि श्री ५ को सरकारबाट कुनै रकम थप दिने व्यवस्था भएकोमा सो थप रकम समेत विवरणमा दर्शाउनु र यस्तो दुबै रकम र विवरण कोषले तोकिदिएको कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

१२. मूल ऐनको दफा १३ मा संशोधनः– मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. कोषमा रुपैयाँ जम्मा हुन आएपछि कोषले गर्ने कामः–(१) दफा १२ बमोजिम कोषमा रुपैयाँ जम्मा हुन आएपछि प्रत्येक कर्मचारीको नामबाट जम्मा हुन आएको रकम सो कर्मचारीको नामको खातामा जम्मा गरिनेछ ।

(२) कोषले प्रत्येक वर्ष साल तमाम भएपछि कर्मचारीको तलबबाट महीना महीनामा कट्टी भएको रकम, श्री ५ को सरकार वा अन्य संगठित संस्थाबाट थप भएको रकम तथा त्यसरी जम्मा हुँदै आएको रकममा पाएको ब्याज समेत समर्थन किताबमा चढाई अद्यावधिक गरी दिनेछ ।

(३) कोषले प्रत्येक कर्मचारीलाई परिचयपत्र दिनेछ ।

(४) उप-दफा (२) र (३) बमोजिम परिचयपत्र वा समर्थन किताब दिंदा वा त्यस्तो परिचयपत्र वा समर्थन किताब हराए, च्यातिए वा धमिलिएमा अर्को परिचयपत्र वा समर्थन किताब दिंदा कोषले त्यसको दस्तूर तोकी लिन सक्नेछ ।

१३. मूल ऐनको दफा १५ मा संशोधनः– मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :–

१५. ब्याज दिनेः– (१) कर्मचारीको नाममा जम्मा भएको रकममा कोषले उप-दफा (२) बमोजिम समय समयमा निर्धारण गरेको दरले ब्याज दिनेछ ।

(२) कोषले ब्याजको दर निर्धारण गर्दा आफू जिम्मा रहेको कूल रकम, त्यस मध्येबाट भएको लगानीको कूल रकम, त्यसबाट प्राप्त हुने लाभांश वा ब्याजको कूल रकम र प्रशासनिक खर्च समेतलाई ध्यानमा राखी औचित्यको आधारमा गर्नेछ ।

(३) कोषले ब्याज दिंदा प्रत्येक वर्ष साल तमाम भएपछि सो वर्ष भरमा जम्मा हुन आएको रकममा उप-दफा (२) बमोजिम निर्धारित दरको पचास प्रतिशतको हिसाबले र सो वर्षभन्दा अघिल्लो वर्षको साल तमाममा जम्मा हुन आएको साँवा र ब्याज समेतमा उप-दफा (२) बमोजिम निर्धारित दरले ब्याज दिनेछ ।

(४) प्रत्येक आर्थिक साल तमामको दिन कोषको पूंजी र दायित्व बजार भाउले मूल्यांकन गर्दा वार्षिक ३ प्रतिशत ब्याज दिन नपुग्ने भएमा त्यस्तो ब्याज दिन नपुग रकम जति श्री ५ को सरकारको सञ्चितकोषप्रति व्ययभार हुनेछ ।

(५) जुनसुकै कारणले होस् कर्मचारीको सेवा टुटेपछि निज कर्मचारीको नाममा कोषमा जम्मा भएको सम्पूर्ण रकममा सेवा टुटेको अघिल्लो दिनसम्मको दिन गन्तिको हिसाबले कोषले ब्याज दिनेछ ।

१४. मूल ऐनको दफा १५ पछि थपः– मूल ऐनको दफा १५ पछि देहायको दफा १५क. र दफा १५ख. थपिएको छः–

१५क. कोष कट्टी रकम फिर्ता पाउनेः– (१) कर्मचारीको खातामा जम्मा रहेको साँवा ब्याज समेतको सम्पूर्ण रकम जुनसुकै कारणले होस् सेवाबाट हटेपछि निजले तुरुन्त एक मुष्ट फिर्ता पाउनेछ । निजको मृत्यु भएको रहेछ भने निजले इच्छाएको व्यक्ति वा व्यक्तिहरूले इच्छाएबमोजिम पाउनेछ । निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको भए तापनि त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भैसकेको रहेछ भने कर्मचारीको देहायको नाता पर्ने मध्ये क्रमानुसार जुन जिवित छ उसैले पाउनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सगोलको पति वा पत्नी,
(ख) सगोलको छोरा वा छोरी,
(ग) सगोलको बाबु, आमा, छोरा पट्टिको नाती, नातिनी,
(घ) भिन्न बसेको पति, पत्नी, छोरा, अविवाहिता छोरी, बाबु, आमा,
(ङ) सगोलको बाबु पट्टिको बाजे, बजै, दाजु, भाइ, अविवाहिता दिदी, बहिनी, विधवा छोरा बुहारी, विवाहिता छोरी,
(च) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेका छोरा पट्टिको नाती, अविवाहिता नातिनी,
(छ) सगोलका काका, विधवा काकी, भाउजू, भाइ बुहारी, नातिनी बुहारी,
(ज) भिन्न बसेका दाजु, भाइ,
(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे,बजै, विधवा छोरा बुहारी, नातिनी बुहारी, भतिजा ।

(२) कर्मचारीले इच्छाएको व्यक्तिको मृत्यु भएमा वा निजको मृत्यु नभए पनि कर्मचारीले चाहेमा निजको सट्टा अर्को व्यक्तिलाई इच्छाउन वा इच्छाइएको बेहोरामा हेरफेर गर्न सक्नेछ ।

(३) कर्मचारीको सेवा टुटेपछि निजले सेवा टुटेको मितिले तीन वर्षसम्म पनि कोषको रकम फिर्ता लिन नआएमा वा सो फिर्ता लिने सम्बन्धमा कुनै सूचना कोषलाई नदिएमा निजको कोषको रकम निजले इच्छाएको व्यक्तिले पाउनेछ । इच्छाएको व्यक्तिले पनि सो रकम निजले पाउन सक्ने मितिले २ वर्ष ६ महीनासम्म लिन नआएमा कोषले सर्वसाधारणको जानकारीमा आउने गरी सूचना निकाल्ने व्यवस्था गर्नेछ । सूचना निस्केपछि पनि लिन नआएमा सो रकम कर्मचारीको उप-दफा (१) बमोजिमको हकवालाले पाउनेछ ।

(४) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले कोषबाट लिएको सापटीको सांवा ब्याजको भुक्तानी गर्न बांकी रकम यस दफा बमोजिम कोष कट्टी रकम फिर्ता दिंदा कोषले कटाई लिनेछ ।

१५ख. कर्मचारीको स्थितिबारे कोषलाई सूचना गर्नेः– (१) कर्मचारीको नयाँ नियुक्ति सरुवा वा बढुवा भएमा त्यस्तो नयाँ नियुक्ति सरुवा वा बढुवाको पूर्जी दिने कार्यालयले कोषलाई सो कुराको सूचना तुरुन्त गर्नु पर्नेछ ।

(२) कुनै कर्मचारी उमेरको हदबाट अवकाश पाउने भएमा अवकाश पाउने छ महीना अगावै कर्मचारीको अवकाश पाउने मिति खुलाई किताबखानाले कोषलाई सूचना गर्नु पर्नेछ ।

(३) कर्मचारीले अवकाश पाएमा वा अन्य कुनै किसिमले निजको सेवा टुटेमा कर्मचारीको कोष कट्टी रकम फिर्ता गर्नको लागि कर्मचारीले अवकाश पाएको वा निजको सेवा टुटेको मिति समेत खुलाई साविक कार्यालयले कोषलाई सूचना गर्नु पर्नेछ ।

१५. मूल ऐनको दफा १८ मा संशोधनः– मूल ऐनको दफा १८ को खण्ड (ग) पछि देहायको खण्ड (घ), (ङ), (च), (छ) र (ज) थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कुनै उद्योग धन्दा वा संगठित संस्था वा कर्मचारीले लिखत अनुसार कोषलाई बुझाउनु पर्ने सापटी, पेश्की, ऋण वा ब्याजको रकम समयमा नबुझाएमा सो समय नाघेको पैंतीस दिनपछि त्यस्तो उद्योग धन्दा वा संगठित संस्था वा कर्मचारीले कोषलाई धितो वा भोगबन्धकी लेखी दिएको वा जमानीले जेथा जमानीमा लेखी दिएको घर जग्गा वा अन्य कुनै पनि सम्पत्ति कोषले आफैं लिलाम बिक्री गरी कोषको रकम असूल उपर गर्न सक्नेछ। लिलाम बिक्री हुँदा कसैले नसकारेमा कोषले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ। यस्तो स्थितिमा त्यस्तो सम्पत्तिको लगत राख्ने वा मालपोत असूल गर्ने सरकारी कार्यालयहरूले कोषको जनाउबमोजिम आफ्ना कार्यालयमा रहेको स्रेस्तामा तदनुसार नामसारी दाखिल खारेज आदि जो गर्नु पर्ने कारवाई कुनै दस्तूर नलिई गरी दिनुपर्छ।

(ङ) खण्ड (घ) वा दफा १९क. बमोजिमको कोषले धितो वा भोगबन्धकी वा जमानीपत्र लेखाई लिएपछि ऋणीले त्यस्तो सम्पत्ति अरू कसैलाई धितो वा भोगबन्धकी दिन वा कुनै किसिमले हक छाडी दिन पाउने छैन र सो सम्पत्ति रोक्का राख्न कोषबाट लेखी आएमा रजिष्ट्रेशन पास गर्ने कार्यालयले रोक्का राख्ने गर्नुपर्छ।

(च) कोषले दिने ऋण वा सापटीको ब्याज तोक्दा कोष र ऋण वा सापटी लिने उद्योग धन्दा, संगठित संस्था र कर्मचारीको बीचमा मञ्जूरी भएबमोजिम हुनेछ।

(छ) कोषले कुनै उद्योगधन्दा, संगठित संस्था र कर्मचारीलाई अचल सम्पत्तिको धितोमा ऋण वा सापटी दिंदा पाँचवर्षभन्दा बढीको भाखा राख्न सक्नेछ।

(ज) कोषले कर्मचारीलाई धितोमा ऋण दिनु अघि ऋणलाई खाम्ने गरी आफ्नो जमानतमा धितो रहेको कुरा पक्का गरेपछिमात्र ऋण दिनेछ।

१६. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u>– मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः–

"१९. <u>कोषको अधिकारः</u>– कोषलाई आफ्नो मौज्दात र सम्पत्तिको परिचालनको सम्बन्धमा देहायबमोजिमको अधिकार हुनेछः–

(क) श्री ५ को सरकारको ऋणपत्रमा लगानी गर्ने र त्यस्तो ऋणपत्र खरीद बिक्री गर्ने,

(ख) नेपाल अधिराज्यभित्रका बैंकहरूको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) र मुद्दति डिपोजिटमा लगानी गर्ने,

(ग) श्री ५ को सरकारको जमानतमा कोषले तोकेको शर्त र ब्याजमा कुनै उद्योग धन्दा वा संगठित संस्थालाई ऋण दिने,

(घ) कोषले आवास परियोजनाहरू चालू गरी कर्मचारीहरूलाई बहाल बिक्रीमा घर जग्गा दिने,

(ङ) भवनहरू निर्माण गरी बहालमा दिने,

283

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास कर्पोरेशन वा अन्य कुनै वित्तीय संस्थानको जमानतमा कोषले तोकेको शर्त र ब्याजमा कुनै उद्योग धन्दा वा संगठित संस्थालाई ऋण दिने,

(छ) कोषको सुरक्षालाई ध्यानमा राखी श्री ५ को सरकारको स्वीकृति लिई कर्मचारीको हितको कुनै काम गर्ने, र

(ज) यस ऐन अन्तर्गत गर्नु पर्ने काम गर्दा परिआएको अरू सबै काम गर्ने ।

१७. मूल ऐनको दफा १६ पछि थपः– मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएको छः–

१६क. कर्मचारीलाई सापटी दिनेः– (१) यो ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिए-को शर्त र अवस्थामा कोषले कर्मचारीहरूलाई बढीमा चालीस हजार रुपैयाँसम्म देहायबमोजिम सापटी दिन सक्नेछः–

(क) कर्मचारीको कोषमा तत्काल सञ्चित रहेको जति रकमसम्म सापटी दिनु परेमा नियमबमोजिम असूल गर्ने गरी कर्मचारीको कागज गराई सापटी दिने,

(ख) कर्मचारीको कोषमा सञ्चित रहेको भन्दा बढी रकम सापटी दिनु परेमा निजको अचल सम्पत्ति धितो वा बन्धकी लिएर वा जेथा जमानीमा ऋण दिने,

यस खण्डबमोजिम धितो, भोगबन्धकी वा जेथा जमानी राखेको सम्पत्तिमा अरू कसैको हक दैया लाग्ने हो होइन भनी वास्तविकता पत्ता लगाउन जाँचबुझ गर्नुपर्छ,

(ग) अचल सम्पत्ति धितो बन्धकी वा जेथा जमानी दिन नसक्ने कर्मचारीका हकमा घर वा घर बनाउने जग्गा किनेको लिखत रुपैयाँ सापटी लिएको तीन महीनाभित्र पेश गराउने गरी बढीमा दुई वर्षको तलब बराबरको रकम सापटी दिन सकिनेछ,

(घ) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चित रकमको धितोमा बाहेक अचल सम्पत्ति धितो बन्धकी वा जेथाजमानीमा कुनै कर्मचारीलाई तोकिएबमोजिम चालीस हज्जार रुपैयाँभन्दा बढी सापटी दिन सकिने छैन र यसरी सापटी दिंदा आफ्नो वा आफ्नो परिवारका सदस्यको नाममा दश वर्ष यता पुख्यौंली घर बाहेक नयाँ घर बनाएका कर्मचारीलाई दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कोषले कर्मचारीलाई दिएको ऋण वा सापटीको साँवा ब्याजको रकम लिखत वा शर्तको म्यादभित्र चुक्ता नभई धितोमा राखेको अचल सम्पत्ति लिलाम बिक्री गर्नु परेमा कोषले त्यसको सूचना स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

(३) कोषले कर्मचारीलाई ऋण वा सापटी दिंदा गराउने लिखत र सो ऋण वा सापटी बापत लिएको धितो, भोगबन्धकी वा जमानतको लिखतमा प्रचलित नेपाल कानूनबमोजिम लाग्ने आय टिकट दस्तूर र रजिष्ट्रेशन पास गराउँदा लाग्ने रजिष्ट्रेशन दस्तूर लाग्ने छैन ।

१८. मूल ऐनको दफा २० मा संशोधनः– (१) मूल ऐनको दफा २० को खण्ड (ग) खारेज गरिएको छ ।

(२) मूल ऐनको दफा २० को खण्ड (घ) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

(ग) कुनै कम्पनीको शेयर खरीद गर्ने र शेयरको धितो राखी सापटी दिने ।

१९. मूल ऐनको दफा २१ मा संशोधनः– मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः–

२१. वार्षिक हिसाबः– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको ढाँचा र तरीका अनुसार प्रत्येक वर्ष साल तमाम भएको नौ महीनाभित्र अध्यक्ष, प्रशासक र मुख्य लेखापालको सही परेको तथा अडिटरले प्रमाणित गरेको वासलात र वार्षिक लाभ हानीको विवरण कोषले श्री ५ को सरकारमा पेश गर्नुपर्छ । यसरी पेश हुन आएको वासलात र लाभ हानीको विवरण नियमित रूपमा श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

२०. मूल ऐनको दफा २२ मा संशोधनः– मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः–

२२. वार्षिक प्रतिवेदनः– प्रत्येक वर्ष साल तमाम भएको नौ महीनाभित्र कोषले आफ्नो वर्षभरको कामकाज बारेको वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्नेछ ।

२१. मूल ऐनको दफा २३ मा संशोधनः– मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः–

२३. कोषको लेखा र लेखापरीक्षणः– (१) कोषको लेखा कोषको राय लिई नेपालको महालेखापरीक्षकले तोकिएको ढाँचामा राखिनेछ ।

(२) कोषको लेखापरीक्षण नेपालको महालेखापरीक्षकबाट हुनेछ ।

(३) लेखापरीक्षण सकिएपछि देहायको कुरा खुलाइएको प्रतिवेदन एक प्रति कोषलाई र एक प्रति श्री ५ को सरकारलाई दिनु पर्नेछ ।

282 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कोषले तयार गरेको लाभ हानीको खातामा पार्नु पर्ने कुराहरू परेको छ छैन र सो खाताले कोषको यथार्थ आर्थिक अवस्था व्यक्त गर्छ गर्दैन,

(ख) हिसाब यो ऐनबमोजिम नियमित छ छैन र सोधनी गरिएका कुरामा सन्तोषजनक उत्तर पाएको छ छैन ,

(४) लेखापरीक्षणको सिलसिलामा महालेखापरीक्षकले हेर्न चाहेको सबै लेखा सोधेको सबै जवाफ दिई सहयोग गर्नु कोषको प्रत्येक सञ्चालक र कर्मचारीको कर्तव्य हुनेछ ।

२२. मूल ऐनको दफा २८ मा संशोधनः– मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः–

२८. कोषको सञ्चालक, प्रशासक र अन्य कर्मचारी उपर प्रतिबन्धः– कोषको सञ्चालक, प्रशासक तथा अन्य कर्मचारीहरूले कोषसंग ठेक्का पट्टा लिन वा त्यस्तो ठेक्का पट्टामा साझेदार हुन पाउने छैन ।

स्पष्टीकरणः– देहायको अवस्थामा उपरोक्त पदाधिकारी तथा कर्मचारीहरू ठेक्का पट्टामा साझेदार भएको मानिनेछ ।

(क) कोषसंग कुनै ठेक्का पट्टामा निजको आफ्नैतर्फबाट वा आफू मेनेजिङ्ग डाइरेक्टर वा एजेन्ट रहेको कम्पनीको तर्फबाट निजको नाम साझेदारको रूपमा सम्मिलित भएकोमा, वा

(ख) कोषसंग हुने ठेक्का पट्टाको साझेदार भएको कुनै फर्म वा प्राइवेट लिमिटेड कम्पनीमा निज शेयर होल्डर भई राखेकोमा ।

२३. मूल ऐनको दफा २९ मा संशोधनः– (१) मूल ऐनको दफा २९ को उप-दफा (१) को अन्तमा देहायको वाक्यांश थपिएको छः–

र सो व्यक्तिको उक्त कामबाट कोषलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यसरी हानी नोक्सानी परेको रकम समेत निजबाट कोषलाई भराइनेछ ।

(२) मूल ऐनको दफा २९ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

(२) कोषको सञ्चालक, प्रशासक वा अन्य कर्मचारीले दफा २८ विपरित कोषसंग ठेक्का पट्टा लिएमा वा ठेक्का पट्टामा साझेदार भएमा निजलाई दुई वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

लालमोहर सदर मिति– २०२९।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।